# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०४।२५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सुर्खेत जिल्लाको वीरेन्द्रनगर औद्योगिक क्षेत्रभित्र शीत भण्डार निर्माण कार्यमा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्य गर्दा विषय विज्ञद्वारा प्रमाणित नगरिएको शीत भण्डारको खेस्रा डिजाइन तथा नक्साको आधारमा लागत अनुमान तयार गरी, खेस्रा नक्सासमेतको विपरीत हुने गरी निर्माण कार्य गरी/गराई र नभए/नगरेको निर्माण कार्यलाई भए/गरेको भनी नापी किताबमा सहीछापसमेत गरी तथा गुणस्तरहीन कार्यलाई गुणस्तरको कार्य भनी प्रमाणित गरी वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्य गर्दा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश तथा उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतबाट कर्णाली कोल्डचेन लजिस्टिक प्रा.लि., सुर्खेतलाई भुक्तानी भएको रु.९२,४३,२९८।- (बयानब्बे लाख त्रिचालीस हजार दुई सय अन्ठानब्बे रुपैयाँ) बिगो बराबरको सरकारी हानिनोक्सानी भई भ्रष्टाचारजन्य कसुर भएको देखिँदा देहायका व्यक्तिहरूउपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि. नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन आयोजना प्रमुख तथा तत्कालीन सचिव **राजेन्द्र प्रसाद भारी** | उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेत तथा कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | रु.९२,४३,२९८।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐनको दफा १७ मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३ को (ज) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगो ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर हुनसमेत मागदाबी लिइएको छ। |
| २. | तत्कालीन सब-इन्जिनियर **गणेश भण्डारी** | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश | रु.१६,२४,८८१।११ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐनको दफा १७मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३को (च) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगोसमेत ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर हुन मागदाबी लिइएको छ। |
| ३. | तत्कालीन वरिष्ठ | भूमि व्यवस्था, कृषि | रु.३,२५,५६७।११ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा |

| | | | | |
|---|---|---|---|---|
| | कृषि अर्थ विज्ञ **हरि प्रसाद पण्डित** र लेखा अधिकृत **हरि बहादुर थापा** | तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश | | १७को कसुरमा ऐ. ऐनको दफा १७ मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३को (घ) बमोजिम कैद सजाय हुन र ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगोसमेत ऐ. ऐनको दफा १७ बमोजिम निजहरूबाट असुलउपर हुन मागदाबी लिइएको छ। |
| ४. | तत्कालीन नि. निर्देशक **भक्तिराम शर्मा,** योजना शाखाका प्राविधिक सहायक (कृषि अधिकृत) **गुरू प्रसाद अधिकारी** र लेखा अधिकृत **उत्तम कुमार बस्नेत** | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, सुर्खेत | रु.३,२५,५६७।११ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७को कसुरमा ऐ. ऐनको दफा १७ मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३को (घ) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा १७मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगोसमेत ऐ. ऐनको दफा १७ बमोजिम निजहरूबाट असुलउपर हुन मागदाबी लिइएको छ। |
| ५. | तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP, सुर्खेतका लेखा अधिकृत **खिमलाल वली** | उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेत | रु.३,५३,२०४।८१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७को कसुरमाऐ. ऐनको दफा १७मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३ को (घ) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगोसमेत ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) , सुर्खेतका कृषि अधिकृत **सुरेश कुमार थापा** र सहलेखापाल **उषा ठाडा** | उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेत | रु. ७,२६,१८१।०१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७को कसुरमा ऐ. ऐनको दफा १७मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३को (ङ) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगोसमेत ऐ. ऐनको दफा १७ बमोजिम निजहरूबाट असुलउपर हुन मागदाबी लिइएको छ। |
| ७. | तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतका सबइन्जिनियर **सुवर्ण राज भारती** | उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेत | रु.३५,३६,०६८।६० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७को कसुरमा ऐ. ऐनको दफा १७ मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३ को (छ) बमोजिम कैद सजाय र ऐ. ऐनको दफा १७ मा उल्लेख भए अनुसार ऐ. ऐनको दफा ३ अनुसार बिगोबमोजिम जरिवाना गरी हानिनोक्सानी भएको बिगोसमेत ऐ. ऐनको |

| | | | | |
|---|---|---|---|---|
| | | | | दफा १७ बमोजिम निजबाट असुलउपर हुन मागदाबी लिइएको छ। |
| ८. | कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतको सञ्चालक समितिका तत्कालीन अध्यक्ष **प्रकाश अधिकारी**, हालका अध्यक्ष **कलाधर उपाध्याय**, सदस्य **लक्ष्मण कडेल र प्रवल शाही** | कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेत | रु.९२,४३,२९८।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा ऐ. ऐनको दफा ८(४) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ९. | तत्कालीन इन्जिनियर **महेश शर्मा** | कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेत | रु.३५,३६,०६८।६० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा ऐ. ऐनको दफा ८(४) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
भोला दाहाल